स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



आगामी मंसिर १२ गतेबाट प्रदर्शनमा आउन लागेको फिल्म "हर्ष"को दोस्रो गीत "कुटु कुटु कस्तो माया लाग्यो बरिलै" सार्वजनिक गरिएको छ । प्रेमका भावना व्यक्त यस गीतमा सनिश श्रेष्ठ र अप्सरा घिमिरेको स्वर रहेको छ भने एलिस कार्कीको कम्पोज, नीरकमल खड्का (मामल)को शब्द रचना तथा शैलेन्द्र एम प्रधानको एरेञ्ज, मिक्सिङ र मास्टरिङ्ग छ । फिल्मका मुख्य जोडी खगेन्द्र लामिछाने र वर्षा राउतलाई रोमान्टिक अवतारमा प्रस्तुत गरिएको छ ।

**आजको विचार...**



भरत शर्मा

जेनजी ... *(दुई पेजमा)*



यस वर्षको पहिलो हिट फिल्म "ऊनको स्वीटर" अब भारतमा पनि प्रदर्शन हुने भएको छ । निर्माण कम्पनी आर्टमान्डुबाट प्रेषित विवरणमा नोभेम्बर २१ अर्थात् मंसिर ५ गतेदेखि भारतमा फिल्म रिलिज हुने उल्लेख छ । भारतको केन्द्रीय फिल्म प्रमाणन बोर्डबाट सेन्सर पास भइसकेको फिल्मको नोभेम्बर २० मा सिक्किममा प्रिमियर गरिने पनि तय भएको छ । अन्तरजातीय प्रेमकथामा आधारित यस फिल्ममा विपिन कार्की, मिरुना मगर, एलेक्स पारस, परीक्षा लिम्बु, विल्सन विक्रम राई लगायतको अभिनय रहेको छ ।

❒ वर्ष ३१ अंक १०८ ❒ २०८२ कात्तिक २९ गते शनिबार 15 November 2025, Saturday ❒ पृष्ठ संख्या ४ मूल्य रू ५/-

# छुट्टाछुट्टै घटनामा परी आठ जनाको मृत्यु

**हाम्रासंवाददाता**

**पाल्पा, कार्तिक २८/** देशका विभिन्न स्थानमा भएका छुट्टाछुट्टै घटनामा परी आठ जनाको मृत्यु भएको छ । केन्द्रीय प्रहरी समाचार कक्षका अनुसार सवारी दुर्घटनाबाट ३ जना, डुबेर १ जना र मृत अवस्थामा ४ जनाको शव फेला परेको हो ।

तनहुँको व्यास नगरपालिका-१२ घाँसीकुवास्थित सडकमा मोटसाइकल दुर्घटना हुँदा एक जनाको मृत्यु भएको छ । ग.२३ प ९५४२ नम्बरको मोटरसाइकल अनियन्त्रित भई दुर्घटना हुँदा मोटरसाइकलमा सवार सोही नगरपालिका-१ भादगाउँ बस्ने १९ वर्षीय जगत बाचे मगरको मृत्यु भएको हो ।

दुर्घटनामा गम्भीर घाइते भएका उनको प्रदेश अस्पताल दमौलीमा उपचारको क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ । मोटरसाइकल चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ । यस्तै काठमाडौंको शंखरापुर नगरपालिक-१ छापभञ्ज्याङ ढकालगाउँस्थित सडकमा पनि मोटसाइकल दुर्घटना हुँदा एक जनाको मृत्यु भएको छ । प्रदेश.३ ०२-१० प ७४५२ नम्बरको मोटरसाइकल अनियन्त्रित भई दुर्घटना हुँदा चालक सिन्धुपाल्चोक चौतारा साँगाचोकगढी नगरपालिका-८ घर भएका ३५ वर्षीय एक बहादुर तामाङको मृत्यु भएको हो । दुर्घटनामा गम्भीर घाइते भएका उनको नेपाल मेडिकल कलेजमा उपचारको क्रममा मृत्यु भएको जनाइएको छ । साथै दुर्घटनामा घाइते भएका मोटरसाइकलमा सवार १ जनाको सोही अस्पतालमा उपचार भइरहेको छ । यस्तै जुम्लाको चन्दननाथ नगरपालिका-६ बसपार्कस्थित सडकमा रोकी राखेको भे.२ त १८६८ नम्बरको ट्याक्टरमा भे.७ प २२२२ नम्बरको मोटरसाइकल ठक्कर खाई दुर्घटना हुँदा मोटरसाइकल चालक पातारासी गाउँपालिका-३ बस्ने ४५ वर्षीय जनबहादुर बुढाको मृत्यु भएको छ । दुर्घटनामा गम्भीर घाइते भएका उनको कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान जुम्लामा उपचारको क्रममा मृत्यु भएको हो । साथै दुर्घटनामा घाइते भएकी मोटरसाइकलमा सवार १ जनाको सोही अस्पतालमा उपचार भइरहेको छ । ट्याक्टर चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ । यस्तै नालीमा डुवेर एक जनाको ज्यान गएको छ । कपिलवस्तु नगरपालिका-६ सेमरी बस्ने मनोहर हुसेनको छोरा १३ महिनाको आकिब मुसलमानको आफ्नै घर अगाडि रहेको नालीमा डुबेर मृत्यु भएको हो । डुबेर अशक्त भएका उनको जिल्ला अस्पताल तौलिहवामा थप उपचारको क्रममा मृत्यु भएको केन्द्रीय प्रहरी समाचार कक्षले जनाएको छ । यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ । यस्तै विभिन्न ठाउँहरुमा चार जनाको शव फेला परेको छ । काठमाडौंको बुढानिलकण्ठ नगरपालिका-११ कपन लसुनटारस्थित करेसाबारीमा एक जनाको शव फेला परेको छ । सोही ठाउँको टहरामा बस्ने रूकुम पूर्व तकसेरा घर भएका ४० वर्षीय स्याल्टे भन्ने पलमान बुढा मगर सोही टहरा नजिक रहेको करेसाबारीमा मृत अवस्थामा फेला परेका हुन् । यस्तै डोटीको बडिकेदार गाउँपालिका- ४ भिर चौतारीस्थित सडक छेउमाएक जनाको शव फेला परेको छ ।सोही गाउँपालिका- ५ अत्तरकाँडा बस्ने ६८ वर्षीय दान सिंह मृत अवस्थामा फेला परेका छन् ।

यस्तै धादिङको धुनिवेशी नगरपालिका-७ लप्से बस्ने ३३ वर्षीय प्रबिन भन्ने प्रकाश भण्डारी आफ्नै घरमा मृत अवस्थामा फेला परेका छन् । उता रौतहटको चन्द्रपुर नगरपालिका-१ पौराईस्थित बागमती नदीको किनार नजिक रहेको कोही नबस्ने कच्ची घरमा हाल नाम, थर र वतन नखुलेका अन्दाजी ४० वर्षीय पुरूष मृत अवस्थामा फेला परेका छन् । सम्पूर्ण घटनाहरुको विषयमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको जनाएको छ ।




## संक्षिप्त समाचार

### बम विस्फोटमा तीन बालबालिकाको मृत्यु



**काबुल,** २८ कात्तिक (रासस/सिन्हुवा)/पश्चिमी अफगानिस्तानको बदघिस प्रान्तमा विगतको युद्धको समयमा जमिन मुनि राखिएको विस्पोटक उपकरण विस्फोट हुँदा तीन जना बालबालिकाको ज्यान गएको प्रान्तीय प्रहरी प्रवक्ता सेदिकुल्लाह सेडिकीले शुक्रबार बताउनु भएको छ । उक्त बस्तुलाई केटाकेटीहरूले खेलौना जस्तो ठानेर त्यससँग खेल्न थाल्दा दुभाग्यपूर्ण रुपमा उक्त उपकरण अचानक विस्फोट हुँदा घटनास्थलमै बालबालीकाको मृत्यु भएको अधिकारीले जनाएका छन् । बदघिस प्रान्तमा गत हप्ता भएको यस्तै विस्पोटको घटना हुदाँ दुई जना बालबालिकाको ज्यान गएको थियो । युद्धग्रस्त अफगानिस्तानमा द्वन्द्ध प्रभावित देश हो जहाँ विगत चार दशक भन्दा लामो युद्धबाट बाँकी रहेका बिभिन्न उपकरणहरू विस्पोट भएका कारण निर्दोश नागरिकका साथै बच्चाहरूले ज्यान गुमाउने गरेको जनाइएको छ ।

# मिसन अस्पतालमा 'सिटी स्क्यान' सेवा सञ्चालन

**भरत शर्मा**

**पाल्पा,** कार्तिक २८/ युनाइटेड मिसन अस्पतालमा 'सिटी स्क्यान' सेवा सुरु गरिएको छ । तानसेन नगरपालिका-१ मिसनमा रहेको अस्पतालले शुक्रबादेखि आधुनिक सिटी स्क्यान मेसिनबाट बिरामीहरूलाई सेवाको शुभारम्भ गरेको हो ।

सिटी स्क्यान सेवा प्रारम्भ भएसँगै जिल्लावाासी हृदयघात जस्तो प्राण घातक समस्याका लागि जिल्ला बाहिर जानुपर्ने समस्याको हल हुने विश्वास लिइएको छ । युकेको सम्परिटन पर्सको मुख्य सहयोगमा मेसिन सञ्चालनमा ल्याइएको अस्पतालले जनाएको छ । यस सेवाबाट विशेषगरी मस्तिष्क, छाती, पेट, हड्डी तथा अन्य जटिल स्वास्थ्य समस्याहरूको उच्चस्तरीय परीक्षण सहज रूपमा उपलब्ध हुनेछ । विरामीको अवस्था हेरेर ३ हजार ५ सयदेखि १० हजारसम्म सेवा शुल्क लाग्ने छ । सेवाको लुम्बिनी प्रदेशका स्वास्थ्य मन्त्री खेम सारुले एक औपचारिक कार्यक्रमका बिच उद्घाटन गरेका हुन् । मन्त्रीले सारुले सिटी स्क्यानको सेवा सुरु भएसँगै यस क्षेत्रका नागरिकहरुलाई सहज हुने बताए । उनले अहिले मुटुको समस्या तथा हृदयघातका कारण धेरै बिरामीले अकालमै ज्यान गुमाइरहेको भन्दै यस सेवाले त्यसलाई रोक्ने विश्वास व्यक्त गरे । अस्पतालले पाल्पासहित छिमेकी जिल्ला र भारतबाट आउने नागरिकहरुलाई प्रभावकारी सेवा दिएर बिरामीको विश्वास जितेको बताए । युएमएनका मेडिकल डिपार्ट ट्रसका अध्यक्ष डेविट रोजरले सेवाको भरपुर उपयोग गर्न सबैलाई आग्रह गरे ।

*(बाँकी अन्तिम पेजमा ...)*




## कार्तिक मसान्त भित्र मतदाता नामावलीमा नाम दर्ता गराऔं ।

- २०८२ साल फागुन २१ गते हुने निर्वाचनमा मतदान गर्न कार्तिक मसान्त भित्र मतदाता नामावलीमा नाम दर्ता गरौं,
- नाम दर्ता गर्न १६ बर्ष उमेर पुगेका र नेपाली नागरिकताको प्रमाण पत्र प्राप्त गरेको हुनु पर्दछ,
-नाम दर्ता गर्न https://applyvr.ecn.gov.np मा लगइन गरी अनलाईनप्रणाली मार्फत फारम भर्न सकिन्छ,
- आफुलाई पायक पर्ने निर्वाचन कार्यालयमा गएर जैविक विवरण (फोटो, औठाछाप) दिनु पर्दछ,
-आफु बसेको स्थानबाटै मतदान गर्ने भए बसाइँसराईको प्रमाण पत्र अनिवार्य पेश गर्नु पर्दछ,
-१८ वर्ष उमेर पुरा भएका नेपाली नागरिकताको प्रमाण पत्र प्राप्त प्रत्येक नेपाली नागरिक्ले मात्र मतदानमा सहभागी हुन पाउनेछन्, **मतदान गर्नु नागरिकको अधिकार मात्र होइन कर्तब्य पनि हो, तसर्थ फागुन २१ को निर्वाचनमा मतदान गर्न तयार होऔं ।**

नेपाल सरकार
विज्ञापन बोर्ड

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२
जनचेतना

# सम्पादकीय

## मधुमेह रोगबारे सचेत बनौँ

विभिन्न चेतनामूलक कार्यक्रम गरी शुक्रबार विश्व मधुमेह दिवस मनाइएको छ । मधुमेहको जोखिम, रोकथाम र यसको उपचार कसरी गरिन्छ भन्ने चेतना फैलाउन हरेक वर्ष नोभेम्बर १४ मा यो दिवस मनाउने गरिन्छ । संयुक्त राष्ट्र संघको आह्वानमा सन् २००७ देखि यो दिवस मनाउन सुरु गरिएको हो । तर पछिल्लो समय मधुमेह चुनौतीको रुपमा देखा परेको छ । चलनचल्तीमा चिनीरोग भनेर पनि चिनिने यो रोगले कुनै खास उमेर समूहलाई मात्रै सताएको छैन, सबैथरी उमेरसमूहलाई ग्रस्त पारेको छ । त्यसो त मधुमेह हाल विश्वव्यापी रूपमा तीव्र रूपमा फैलिरहेको एक गम्भीर स्वास्थ्य समस्या हो ।

नेपालमा पनि पछिल्ला वर्षहरूमा मधुमेहका बिरामीहरूको संख्या निरन्तर रूपमा बढ्दै गएको देखिन्छ । खानपान, शारीरिक सक्रियताको कमी, मानसिक तनाव, मोटोपनजस्ता कारणहरूले गर्दा मधुमेहको जोखिम झन् बढ्दो छ । यसलाई रोकथाम गर्ने प्रभावकारी उपायहरू अपनाइएन भने नेपालीहरूको स्वास्थ्य ठूलो जोखिममा पर्छ । बेलैमा रोकथाम जरुरी छ । मधुमेहले शरीरका सबैजसो अंगप्रत्यंगमा प्रहार गर्छ, आँखाको दृष्टिसम्म पनि गुम्न जान्छ । मुटु, मिर्गैला र स्नायु प्रणालीसमेतलाई कमजोर बनाउँछ ।

मधुमेह इन्सुलिन हर्मोनको गडबढीबाट हुने रोग हो । यो सरुवा रोग होइन । यो नियन्त्रण राख्न सकिने तर निको नहुने दीर्घकालीन रोग हो । यो रोग धनी, गरिब, बच्चा, वयस्क, सहर तथा गाम्रीण भेगमा बस्ने जोकोहीलाई पनि लाग्न सक्छ । हाल विश्वमा मधुमेहका कारण प्रत्येक ८ सेकेण्डमा १ जना मानिसको मृत्यु हुने गरेको छ । मधुमेहका कारण हृदयाघात र पक्षघातको सम्भावना २ गुणाले, अन्धोपन हुने सम्भावना २ गुणा र मिर्गौला बिग्रने सम्भावना ५ गुणाले बढ्छ । मधुमेह नियन्त्रणमा नराख्दा गर्भवती अवस्थामा बच्चा र आमा दुवैमा नकारात्मक प्रभाव पार्न सक्छ । मधुमेह समयमै पत्ता नलागी अकालमा ज्यान गुमाउनेहरूको संख्या पनि धेरै छ । त्यसकारण मधुमेह सम्बन्धी चेतना चारैतिर फैलाएर यो रोगबाट हुनसक्ने नराम्रा परिणामहरूबाट बच्न सकिन्छ । विशेष गरी मधुमेह खानपिन र जीवनशैलीसँग सिधै सम्बन्ध भएको रोग हो । खानपिनको गडबढीजस्तै खानामा कार्बोहाइड्रेटको मात्रा बढी, चिल्लो र गुलियो बढी, अल्छी जीवनशैली, व्यायामको कमी, मोटोपना र तनाव बढी लिएमा मधुमेह हुने सम्भावना धेरै हुन्छ । त्यसैले खानपिन र जीवनशैली सुधार गरेमा मधुमेहबाट बच्न सकिन्छ । तसर्थ यसतर्फ सबैले ध्यान दिन जरुरी छ ।

### Opinion @ Social Network

मन मिलेर जोडेका सम्बन्धहरू कदापि टुट्दैनन
स्वार्थ मिलेर जोडेका सम्बन्धहरू कदापि टिक्दैनन ।
*(श्याम पाण्डेको **फेसबुक स्टाटसबाट** www.facebook.com/shyampande)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# जेनजी आन्दोलनपछि नेपालबारे के सोच्छन् चिनियाँ ?



**भरत शर्मा**

*युनान विश्वविद्यालयमा रहेको नेपाल अध्ययन केन्द्रले नेपालमा हरेक साताभित्र भएका प्रमुख राजनीतिक घटनाक्रम, जेनजी आन्दोलन र निर्वाचनका सन्दर्भमा नेपाली सञ्चारमाध्यममा प्रकाशित र प्रसारण भएका सामग्रीको अध्ययनका आधारमा चिनियाँ भाषामा अनुवाद गरेर नेपाल र दक्षिण एसियाबारे सरोकार राख्ने अध्येताहरूसम्म पुग्ने गरी विच्याट अनलाइन खाता समूह बनाएर चिनियाँहरूलाई नेपालको वस्तुनिष्ठ ताजा अवस्थाबारे जानकारी दिने काम गर्छ । त्यसबाट नेपालबारेका खबरहरू चिनियाँहरूले आफ्नै चिनियाँ भाषामा अध्ययन गर्न पाएका छन् ।*

नेपालमा अप्रत्याशित दुई दिने जेनजी आन्दोलन, त्यसपछि बनेको नयाँ सरकार,राजनीतिक दलहरूको गुट, फुट र एकता आदिबारे चिनियाँ धारणा के होला ? यो प्रश्न नेपालबाट धेरै मित्रहरूले सोधिरहनु हुन्छ । यसको उत्तरका लागि नेपाल बारेका चिनियाँ अध्येता, चीनमा अध्ययन गरेका नेपाली मित्रहरूसँग विभिन्न कोणबाट संवाद गरेर यो आलेखमा यस विषयलाई हेर्ने प्रयत्न गरिएको छ ।

त्यसो त चिनियाँ अध्येताहरू अर्को कुनै पनि मुलुकबारे नकारात्मक टिप्पणी गर्न खासै रुचाउँदैनन् । चिनियाँ सरकारले बनाउने धारणा र सोच जे हो, अध्येताहरूको पनि उस्तै सोच हुने गरेको छ । चिनियाँहरू अरूका धेरै कुरा सुन्छन्, सुनेका कुराहरूलाई अनेक कोणबाट प्रश्न गरि प्रस्ट हुन खोज्छन् तर उनीहरूको बुझाई के हो त भन्न त्यति रुचाउँदैनन् । तथापि पछिल्लो समय नेपालका घटनाबारे उनीहरू अलिक बढी मुखरित हुन थालेका छन् । चिनियाँहरू आफूहरू कम बोल्ने र अरूका कुरा बढी सुन्ने तथा बोलेका कुराहरूलाई सबै आयामबाट बुझ्न खोज्छन् यो नै उनीहरूको विशेषता हो । चिनिया अध्येताहरू छिमेकी देश र तेस्रो मुलुकमा भएका परिघटनाबारे सूक्ष्म जानकारी राख्छन् तर चिनियाँ कम्युनिस्ट पार्टी, चीन सरकार र विदेश मन्त्रालयले बोल्ने बाहेक उनीहरू ती मुलुकबारे टिप्पणी वा आलोचनामा आफ्ना विचार राख्न चाहँदैनन् । विश्वविद्यालयमा अध्येताहरू मात्र होइन, अध्ययन अनुसन्धान गर्ने चिनियाँ केन्द्रहरू पनि कुनै पनि घटनालाई मिहिन ढङ्गले विश्लेषण गरिरहेका हुन्छन् तर सुझाव दिन चाहँदैनन् । युनान विश्वविद्यालयमा रहेको नेपाल अध्ययन केन्द्रले नेपालमा हरेक साताभित्र भएका प्रमुख राजनीतिक घटनाक्रम, जेनजी आन्दोलन र निर्वाचनका सन्दर्भमा नेपाली सञ्चारमाध्यममा प्रकाशित र प्रसारण भएका सामग्रीको अध्ययनका आधारमा चिनियाँ भाषामा अनुवाद गरेर नेपाल र दक्षिण एसियाबारे सरोकार राख्ने अध्येताहरूसम्म पुग्ने गरी विच्याट अनलाइन खाता समूह बनाएर चिनियाँहरूलाई नेपालको वस्तुनिष्ठ ताजा अवस्थाबारे जानकारी दिने काम गर्छ । त्यसबाट नेपालबारेका खबरहरू चिनियाँहरूले आफ्नै चिनियाँ भाषामा अध्ययन गर्न पाएका छन् ।

चिनियाँ अध्येताहरूले चीन सरकारको नीतिसँग मेल हुने गरी धारणा राख्छन् । तर, पछिल्लो समय नेपालमा भएको जेनजी आन्दोलन, त्यसपछि बनेको सुशीला कार्की नेतृत्वको सरकार, जेनजी आन्दोलनपछि गठन भएका जेनजीका विभिन्न अमुक गुट, फागुन २१ मा हुने आम निर्वाचन र पछिल्लो समय माओवादीले आफ्नो विचार र सिद्धान्त छोडेर नयाँ कम्युनिस्ट गठबन्धन गरेपछिको राजनीतिक परिदृश्यमा चिनियाँहरूको चासो झनै बढेको छ । नेपालका कम्युनिस्टहरु फुट्न र जुट्न कत्ति समय पनि लगाउँदैनन् किन ? भनी चिनियाँहरूले जिज्ञासा राख्न थालेका छन् । १० वर्षे जनयुद्ध र १७ हजारको ज्यान जानेगरि विद्रोह गरेको पार्टीले पनि आफ्नो सिद्धान्त छाडेर साना कम्युनिस्ट पार्टीसँग गठबन्धन गर्नुको खास कारण के हो ? भनी चिनियाँहरू जान्न चाहन्छन् । दक्षिण एसियाली अध्ययन गर्ने चिनियाँ अध्येता, त्यसमा पनि नेपाल अध्ययनमा चासो राख्नेहरू यस बारेमा खास कुरा के हो ? नेपाली सञ्चारमाध्यममा आएका विश्लेषणहरू, नेपालका नेताहरूले बोलेका कुरा, नेपालका राजनीतिशास्त्रीका विश्लेषण, राजनीतिक दलमा आबद्ध भएका नेता र प्राध्यापकका विचारहरूलाई अलग अलग ढङ्गबाट अध्ययन गरि बुझ्न खोज्दैछन् । नेपालमा रहेका तिब्बती युवाहरूको जेनजी आन्दोलनमा संलग्नता उनीहरूको गतिविधि, उनीहरूले लिएका नक्कली नागरिकताबारे नेपालमा यो सबै कसरी हुन गयो भनी चीन सरकार र चिनियाँ अध्येताहरू चकित परेको अवस्था छ । नेपालका सञ्चारमाध्यममा प्रकाशित हुने समाचार मात्रै होइन, नेपालका सामाजिक सञ्जालमा लेखिएका, बोलिएका विषयमा पनि चिनियाँहरूको चासो छ । त्यसैले होला, नेपाली समाचारहरू चिनियाँ भाषामा अनुवाद हुने क्रम बढ्दो छ । चीन सरकारको नेपालसँग विशेष गरी उ एक चीन नीतिप्रति प्रस्ट होस, नेपालमा चीन विरोधी गतिविधि नहोस् र नेपालमा बसेका तिब्बतीहरू चीन विरोधी गतिविधिमा संलग्न नहोऊन् भन्ने चासो राख्छ । यस पटक तिब्बती शरणार्थीहरूको गतिविधि, उनीहरूले विभिन्न ठाउँबाट लिएको नेपाली नागरिकताको विषय नेपाली सञ्चारमाध्यममा आएपछि चीन सरकार र नेपाल अध्ययन गर्ने चिनियाँ अध्येताहरू आश्चर्यमा छन् । नेपालमा पैसा खर्च गरेपछि जे काम पनि गर्न सकिन्छ भन्ने चिनियाँहरूलाई थाहा नभएको होइन । तर तिब्बती शरणार्थीहरूले पैसा खर्च गरेरै नक्कली बाबु-आमा खडा गरेका र त्यसमार्फत नेपाली नागरिकता लिएका होलान् भन्ने उनीहरूले सोचेका थिएनन् । यो उनीहरूको आशंका भन्दा परको कुरा थियो ।

चिनियाँहरूले आशंका नै नगरेको विषयमा जेनजी आन्दोलनबारे नेपाली सञ्चारमाध्यममा समाचारहरू आउन थालेपछि त्यसलाई चिनियाँहरूले अनुवाद मात्रै होइन कि गम्भीर विषयसूचीमा समावेश गरेर अध्ययन गर्न थालेका छन् । विभिन्न कुरा सार्वजनिक भइसकेपछि अब उनीहरूले लिएका नागरिकता के हुन्छ ? उनीहरूमाथि कस्ता कारबाही हुन्छन् ? जस्ता प्रश्नमा उनीहरू घोत्लिएका छन् ।चीनको सिचुवान विश्वविद्यालयमा रहेको इन्स्टिच्युट अफ साउथ एसियन स्टडिजको नेपाल स्टडी सेन्टरका उपनिर्देशक डा. गाओ लियाङले नेपालको पछिल्लो घटनाक्रममा बेइजिङ अधिक सतर्क छ, नेपालमा अस्थिरताको अर्को चक्र जन्मिन सक्छ भनी नेपालखबरमा विश्लेषण गरेका छन् । दक्षिण एसियाली र नेपाल समेतको अध्ययन गर्ने चीनको मुख्य केन्द्र नै सिचुवान र युनान हो । सिचुवान प्रान्तमा दक्षिण एसियाली देशका बारेमा राजनीतिक, भाषिक, सांस्कृतिक सम्बन्धका अनेक सभाहरू हुने गर्छन् । चिनियाँहरूले नेपालमा तिब्बतीहरूले नक्कली नागरिकता लिएको, जेनजी आन्दोलनमा सक्रिय सहभागिता जनाएको, राजावादी भनिएका दुर्गा प्रसाईंले आयोजना गरेका आन्दोलनमा तिब्बती युवाहरूको सहभागिता देखिएको समाचार र तस्बिरले यस विषयमा चिनियाँहरूलाई थप चासो राख्ने बनाई दिएको छ । यति मात्र होइन, सुशीला कार्की नेतृत्वको सरकारलाई निर्वासित जीवन बिताई रहेका धर्मगुरु दलाई लामाको तर्फबाट पहिलो पटक बधाई सन्देश आउनुले पनि चिनियाँहरूमा थप चासो जगाई दिएको छ । नेपाल केन्द्रित अध्येताहरूले यसमा अलिक बढी जिज्ञासा राख्न थालेका छन् । चीनले नेपाललाई आफ्नो असल छिमेकी र विकास साझेदार मान्छ । नेपालको सिमाना तिब्बत (हाल सिचाङ्ग) सँग जोडिने हुनाले पनि चीनको यस विषयमा चासो हुनु स्वाभाविक हो । सन् २०२५ मा नेपाल-चीन कूटनीतिक सम्बन्ध विस्तारको ७० वर्ष पुगेको छ । र, यसै अवसरमा नेपाल-चीन सहकार्यका, विभिन्न सहयोग परियोजनाका अनेक छलफल भइरहेका छन् । यसका साथै कार्की नेतृत्वको सरकारले घोषणा गरेको आम निर्वाचनमा चीनका तर्फबाट सहयोग गर्ने प्रतिबद्धतासहित नेपालस्थित चिनियाँ दूतावासले सरकारलाई के-के आवश्यकतामा चीनले सहयोग गर्नुपर्ने हो आफूहरू तयार रहेको भनी सन्देश दिइसकेको छ । चीन सरकारले निर्वाचनका लागि आवश्यक पर्ने सवारीसाधन तथा अन्य केही सामग्रीहरू दिने घोषणा गरि नै सकेको छ । जेनजी आन्दोलनपछि र नेपालमा बदलिएको राजनीतिक परिदृश्यपछि चीनका अध्येताहरू पहिलेभन्दा बढी आवतजावत गरिरहेका छन् । नेपालबाट चीन आउने राजनीतिक नेतृत्वको यात्रा कम भएको छ भने चीनबाट नेपाल जाने चिनियाँ विज्ञ, अध्येताहरूको संख्या बढेको छ । उनीहरूको अध्ययनको विषय पनि प्रस्ट छ । पहिलो, कार्की नेतृत्वको सरकारले नक्कली नागरिकता लिएका तिब्बती नागरिकलाई गर्ने कारबाही कस्तो हुनेछ ? र, नेपालमा जेनजीहरुको संगठनात्मक गतिविधि कसरी अगाडि बढ्ने छ ? दोस्रो, पछिल्लो समय भारत( चीनको सम्बन्ध राम्रो हुँदै गएको छ । नेपालका कारण भारतसँगको चिनिया सम्बन्ध खराब नहोस् भन्नेमा चीन धेरै नै सतर्क छ । किनभने भारत-चीनबिच सम्बन्ध सुधार भई पाँच वर्षपछि सिधा हवाई यात्रा सुरु भएको सन्दर्भमा कतै नेपालका कारण दुई देशबिचको सम्बन्ध बिग्रने त होइन ? तेस्रो, नेपालमा गरिएको चिनिया लगानीको सुरक्षाको अवस्था कस्तो रहनेछ भन्नेमा पनि चिनियाँहरूको चासो छ । थप लगानीको वातावरण सहज नदेखिएकोमा धेरै चिनियाँहरु पुगेका छन् । त्यसैले यस विषयमा पनि उनीहरूको चासो छ । नेपालको विशिष्ट परिस्थिति, जटिल राजनीतिक अवस्था, आम निर्वाचनमा राजनीतिक दलहरूको उपस्थिति, निर्वाचित भएपछि बन्ने सरकार र त्यसले चीनका सन्दर्भमा लिने नीति आदिबारे चिनियाँहरू आन्तरिक छलफल गरिरहेका छन् । नेपाली विज्ञहरूसँग परामर्श गरिरहेका छन् र विविध कोणबाट आएका विचारलाई रेखाङ्कित गर्ने काममा चिनियाँहरू लागेका छन् । जे होस, नेपालमा भएको जेनजी आन्दोलनका कारण चिनियाँहरूले आफ्नो छिमेकी देश नेपाल र नेपाली युवाहरूको आन्दोलन बारे जान्ने मौका पाएका छन् । खासमा भन्ने हो भने थोरै समयमै जेनजी आन्दोलनमा भएको हिंसा र आगजनीको घटनाले चिनियाँ अध्येताहरू अचम्मित छन् ।

पछिल्लो समय नयाँ पार्टी दर्ता र पुरानो पार्टीबिच देखिएको टुट-फुट र एकताको प्रक्रियाले तोकिएकै मितिमा निर्वाचन हुने वा होइन भन्नेमा पनि उनीहरूको चासो छ । युनान विश्वविद्यालयका दक्षिण एसियाली भाषा विभागका प्रमुख प्रा.डा वाङचुङको बुझाइमा जेनजी आन्दोलनपछि नेपालको राजनीतिमा एक किसिमको 'नवीनता' आवश्यक देखिएको छ । राजनीतिक नेतृत्वले आफ्नो पाटी भित्र अब 'नवीनता' खोज्नु पर्छ । हाम्रो सरकारले नेपालप्रति जे धारणा राखेको छ, चिनियाँ अध्येताहरूले त्यसबारे सुझाव र सल्लाह दिने हो । अहिले जेनजीको माग पुरा गर्ने, समयमा निर्वाचन गर्ने दायित्वमा बोकेको सरकालाई चीनले आवश्यक सहयोग गर्न तयार छ ।

**-रातोपाटी डटकम**

**(शर्मा चीनको युनान विश्वविद्यालयमा अध्यापन गर्छन् ।)**

### महत्वपूर्ण टेलिफोन

| | |
|---|---|
| **प्रहरी कार्यालय** | ५४०२०१ |
| बुटवल ०७१-५४०२२२ | भिमअस्पताल भैरहवा ०७१-५२०१९३ |
| स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९ | मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९ |
| बुटवल रामनगर ०७१-५४१२३३ | परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३ |
| भैरहवा ०७१-५२०१९९ | पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४ |
| अर्घाखाँची ०७७-५२११९९ | लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१ |
| गुल्मी ०७९-५२०१९९ | पिचन्द्र परासी ०७८-५२०१८८ |
| परासी ०७८-५२०१९९ | भैरहवा आँखा अस्पताल ०७१-५२०२६५ |
| तौलिहवा ०७६-५६००९९ | अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७ |
| पाल्पा ०७५-५२०५३६, ५२०१९९ | तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८ |
| इप्रका रामपुर ०७५-६९१५१५ | तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२०० |
| **अस्पताल कार्यालय** | सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४५० |
| लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८ | बुटवल हस्पितल ०७१-५४६४३२ |
| लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, | लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१ |

| | |
|---|---|
| रेडक्रस बुटवल ५४१००४ | रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७ |
| लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५ | रेडक्रस गुल्मी ०८९-५२०१६३ |
| मेडिटेक अस्पताल ५४९०७२ | नेपाल परिवार नियोजन संघ ०७१-५४००८१ |
| कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४० | लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१ |
| आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९ | नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९ |
| रामपुर अस्पताल: ०७५-४००१५४ | जनसेवा क्लब नयाँमिल १९५७०२१२४६ |
| **एम्बुलेन्स न.** | लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८ |
| रेटरी क्लब बुटवल ०७१-५४४६०० | बनगाई क्लब बनगाई ०७६-६९०१०२ |
| लियो क्लब अफ बुटवल ०७१-५४५८९३ | रेडक्रस देवदह ०७१-५७७०९९ |
| रेडक्रस भैरहवा०७१-५२०२६३ | लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४० |
| रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४ | बुटवल जेसिस ९८४७१२९९६४ |
| परासी ०७८-५२०१२५ | न्यू एकता क्लब तानसेन : ०७५-५२२२०० |
| रेडक्रस पाल्पा ०७५-५२०६०० | परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५ |
| रेडक्रस तौलिहवा ०७६-५६००१५ | रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४ |

### दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : सहयोगीहरूले साथ दिने छन् । खेलकुदमा समय व्यतीत हुनेछ । | **तुला** : लगनशीलताले मनको डर हट्ने छ । प्रतिस्पर्धामा सफलता भइने छ । |
| **वृष** : सकारात्मक दृष्टिकोणको साथ अगाडि बढ्नुहोस् सफलता मिल्नेछ। | **वृश्चिक** : करियरमा सफलता प्राप्त हुनेछ । व्यापार व्यवसायमा पिताको सहयोग मिल्नेछ । |
| **मिथुन** : धैर्य र पराक्रममा वृद्धि हुनेछ । रोकिएका योजनाहरू अगाडि बढ्ने छन् । | **धनु** : कार्यक्षेत्रमा प्रसिद्धी बढ्नेछ । धार्मिक अध्ययनमा रुचि बढ्नेछ । |
| **कर्कट** : रमाइलो यात्राको अवसर प्राप्त हुनेछ । अध्ययन अपेक्षाकृत परिणाम नमिल्ला। | **मकर** : सम्मान बढ्नेछ । जीवनसाथीको स्वास्थ्यलाई लिएर चिन्ता रहला । |
| **सिंह** :साहित्यको क्षेत्रमा निखार आउनेछ । जीवनसाथीको साथ मिल्ने छ । | **कुम्भ** : प्रेम सम्बन्ध सुमधुर रहनेछ । कलाको क्षेत्रमा रुचि बढ्नेछ । |
| **कन्या** : कार्यक्षेत्रमा दौडधुप गर्नुपर्ला । मौकाको फाइदा उठाउन नसकिएला । | **मिन** : परीक्षामा सफलता मिल्नेछ । कानुनी मुद्दा मामलाहरूमा पक्ष सबल रहनेछ । |

# साहित्य दर्पण

संस्मरण — विमल भौकाजी

## संस्मरण : सम्झनामा दशैँ पर्व

नजिकै रेडियोमा बजिरहेको थियो मालश्री-धून । यही धूनसँगै आँगनमै दशैँ भित्रिसकेको संकेत थियो त्यो । तर दशैँकै बेलामा मात्रै किन बज्छ यो धून ?... त्यतिबेला सोध्नु थिएन मलाई । मलाई त केवल थाहा थियो-दशैँ । मान्छेहरू भन्थे-रावणको वध गरेर रामले विजय हासिल गरे । त्यसैको यो विजय पर्व हो ।

अर्का कोही, भित्तामा टाँसिएको आकर्षक पोष्टर देखाउँथे, जहाँ देवी भगवतीले कथित कुनै राक्षसको छातीमा टेकेकी थिइन् । भन्थे-भगवतीले राक्षसलाई मारेकाले त्यसैको खुशीयाली मनाउने दिन हो दशैँ ।

तर म मदमस्त !

कसले कसलाई मार्‍यो ?

कसले कसलाई जित्यो ?... मलाई के मतलब !

मलाई त अब आृनै दशैँ मनाउनु थियो ।दौडँदै, भर्खरै सेट गरिएको रोटेपिङनजीक पुग्नु थियो । लिङ्गेपिङका पालैपालो मच्चिरहेका साथीभाइ, दाजु, दिदीबहिनीहरूको आँखामा चम्किरहेको खुशी नियाल्नु थियो । र, त्यही खुशीमा आफू रमाउनु थियो । त्यसो त त्यो खुशी मनाउनु मेरो बाध्यता पनि थियो । किनकि मैले आफूले कहिल्यै पिङ चढिनँ भन्दा पनि हुन्छ, यदाकदा चढेको भए पनि ओर्लिहाल्थेँ । रोटेपिङमा माथिबाट तलतिर झर्दा एक किसिमले म आत्तिन्थेँ, झन् लिङ्गेपिङको त कुरै भएन । त्यसैले अरूले पिङ चढेको हेर्दा नै म रमाउँथेँ । पिङकै प्रसङ्गमा, दशैँछेककै कुनै एक दिन ठूलो बरको निकै मोटो र धेरै परसम्म लम्बिएको लामो हाँगामा हामी आृना उमेरका १०-१२ जना केटाकेटी मच्चिरहेका थियौँ । जमिनमा रहेका कुनै साथीले लहरा समातेर बेस्कन हल्लाइरहेको थियो । अचानक, चरररर...बरको हाँगो भाँच्चिएर हामी सबै साथीहरू एकमुष्ठ पछारिएका थियौँ, जमिनमा । आज, जमिनमा पछारिँदाको त्यो समय सम्झँदा आनन्दित-पीडाको अनुभूति हुन्छ । दशैँको आगमनमा मन फेरि त्यही बाल्यपनमा गएर दौडिरहेको छ ।

०००

दशैँ लागेपछि बीच-बजारमै बज्ने एउटा अनौठो आवाजले मेरो बाल-मनलाई तत्कालै आकर्षित गरिहाल्थ्यो । ट्यान्ट्राङ-टुन्टुङ त्यो आवाजले अर्थ हुन्थ्यो-लङ्गुरबुर्जा खेल खुलेको संकेत । जब लङ्गुरबुर्जा खुलेको आवाज कानमा ठोकिन्थ्यो दशैँ आइपुगिहालेको आभास हुन्थ्यो सामुन्ने नै । पाँच पैसादेखि लिएर दश पैसा, सुका-मोहर र भर्खरै टक्सारले निष्काशन गरेको टलक्क टल्किएको ‘डबल’ (एक रुपैयाँको सिक्का) थापिएका हुन्थे । लङ्गुरबुर्जाको खालमा । र, त्यो खालवरिपरि जम्मा भएकाहरूबीच म पनि सामेल हुन्थेँ ।

खास गरेर आफ्नै घर-परिवारभित्र सबैभन्दा सानो सदस्य भएका नाताले आफूले टीका लगाएपछि पाउनुपर्ने दक्षिणा सबैको भन्दा धेरै हुनुपर्ने भए पनि छोरामान्छेलाई दक्षिणा दिन नहुने वा दिनु नपर्ने नियम जारी हुने गरेकाले आफूलाई ठगिएको महसुस हुन्थ्यो जहिले पनि । नाता-क्रममा सानो भइएकै कारणले आफ्नो घरमा भएको नोक्सानीको क्षतिपूर्ति हुन्थ्यो । जुन दिन दशैँको टीका थापिन्थ्यो निधारमा रातो अक्षेताको, त्यो दिन लङ्गुबुर्जाले ‘क्लाइमेक्स’को रूप लिन्थ्यो ।

टीका लगाउँदा सँगसँगै पाइएका ‘दक्षिणा’-स्वरूपका टाकनटुकन सिक्काहरू, एक र दुई रुपैयाँको सुकिला नयाँ नोटहरू खल्तीभरि लिएर पुगिन्थ्यो लङ्गुरबुर्जाको खालमा ।...ल... ल... खाली... खाली...।‘ लङ्गुरबुर्जा खेलाउने कृष्ण अवाले गोल्टिन बट्टामा गोटी हल्लाउँदै कराइरहेका हुन्थे ...पान... चिँडी... सुरोथ... इँट्टा... झण्डी... बुर्जा... ।’

नभन्दै, पैसा थापेपछि एकको दुई हुन्थ्यो, कहिले त एकको तीन पनि । तर कहिले फेरि साँवा नै पनि गुम्न पुथ्यो । यसभन्दा अघि, दशैँको टीका थाप्दा पाइएका रकम एकमुष्ठ गनिन्थ्यो । गन्दै जाँदा हिसाब गरिन्थ्यो मनमनै

-कसले कति दियो ?

-सबैभन्दा धेरै दिने को ?

-अनि सबैभन्दा कम दिने को ?

खास गरेर आफ्नै घर-परिवारभित्र सबैभन्दा सानो सदस्य (कान्छो) भएका नाताले आफूले टीका लगाएपछि पाउनुपर्ने दक्षिणा सबैको भन्दा धेरै हुनुपर्ने भए पनि छोरामान्छेलाई दक्षिणा दिन नहुने वा दिनु नपर्ने नियम जारी हुने गरेकाले आफूलाई ठगिएको महसुस हुन्थ्यो जहिले पनि । तर घरबाहिर अन्य घरका नातेदारबाट टीका लगाइँदा, नाता-क्रममा सानो भइएकै कारणले आफ्नो घरमा भएको नोक्सानीको क्षतिपूर्ति हुन्थ्यो । अझै केही नाफैमा पो गइन्थ्यो कि !

०००

सनाही बज्थ्यो बिहान सबेरैदेखि, टीकाको दिन । कसो-कसो ‘दमाईदाइ’को त्यो सनाहीको गुञ्जनमा गहिरो मुटु-स्पर्शी ध्वनि हुन्थ्यो । आजकल दशैँको सनाहीको आवाज गाउँघरमा सुनिन्छ कि सुनिन्न कुन्नि ! गाउँको दशैँ नमनाइएको धरै वर्ष भएछ । तैपनि सनाहीको त्यो आकार सम्झनामा आइरहेछ । सनाहीको त्यो आवाज अझै पनि मन-मष्तिस्कभरि गुञ्जिरहेछ । साँच्चै त्यो सनाहीबाट निस्कने आवाज कति सुरिलो, कत्ति लयात्मक हुन्थ्यो ! शब्दबिनाको त्यो धून !! ओहो, कति मीठो- दशैँ-परिवेशको प्रतिध्वनि ! किर... किर... झ्याउँकीरीहरू भुनभुनाएर उडिरहेका हुन्थे । त्यही भुनभुनाइ पनि कत्ति श्रवणीय ! सम्झँदैमा पनि रोमाञ्चित भएर जुर्मुराउँछ शरीर । खास गरेर, दशैँ आइसकेपछि कोठा-भित्तासमेत पूरै घरलाई सेतो कमेरो छ्यापेर सुकिलो-सफा बनाइँदा स्पर्श गरेको एक किसिमको अनौठो ‘बास्ना’का साथ राजधानीदेखि लगिएको ‘बार्नेस-तार्पिन’ मिसाएर काठका झ्याल ! ढोकाहरूमा पोलिस गरिने ‘इनामेल’को बास्ना कुनै पनि स्वर्गीय सुगन्धभन्दा कमको लाग्दैनथ्यो । आज पनि शहरभित्रै किन नहोस्, यदाकदा इनामेलको बास्ना आयो भने मलाई त्यो बाल्य-दशैँको स्मृतिमा पुर्‍याइदिइहाल्छ । घरको आँगनमा आएको दशैँ गाउँ बजारभरि छरिएको देखेपछि अनेक कुरा खेल्थे मनमा । के गर्नु हुन्छ ? के गर्नु हुँदैन ? के खानु हुन्छ ? के खानु हुँदैन ? मानौँ कुनै कुराको बन्देज थिएन दशैँमा । आँखैसामु जुवा(तास पूर्णरूपमा खुला हुन्थ्यो, जाँड-रक्सीको प्रयोगमा बेपर्वाह छुट थियो । दशैँको सबैभन्दा आकर्षणको विषय हुन्थ्यो । नयाँ लुगा, नयाँ पहिरन । अरू समयमा फेरिने भन्दा दशैँमा फेरिने कपडा विशेष लाग्थ्यो । आहा, त्यतिखेरको ‘टेरलिन’ सर्ट र नयाँ-नयाँ चलेको ‘पोलिस्टर’को पाइन्टको अस्तित्व नै अर्कै !

०००

घरको आँगनमा आएको दशैँ गाउँ बजारभरि छरिएको देखेपछि अनेक कुरा खेल्थे मनमा । के गर्नु हुन्छ ? के गर्नु हुँदैन ?... के खानु हुन्छ ? के खानु हुँदैन ? मानौँ कुनै कुराको बन्देज थिएन दशैँमा । आँखैसामु जुवा-तास पूर्णरूपमा खुला हुन्थ्योह जाँड-रक्सीको प्रयोगमा बेपर्वाह छुट थियो । तर, हामी बालबच्चा ती ...विस !

ति ! बाट बीस हात पर थियौँ । केवल हेरिरहन्थ्यौँ, नियालिरहन्थ्यौँ हामी तिनको दुरुपयोगलाई तर यसैबीच पनि जाँड-रक्सीको मात चढेपछि छिमेकी दाजुभाइले देखाउने तमासाले हामी बालकमा गजबको रोमाञ्चकता पैदा गर्थ्यो र, त हामी तमासे ताली पिटी-पिटी रमाउँथ्यौँ । तथापि बालकै भए पनि हामीमा चेतना भने जरुर थियो । अपवादको रूपमा लङ्गुरबुर्जाको आर्थिक रमाइलोबाहेक वास्तवमै हामीले आफूलाई नैतिकवान् सम्झन्थ्यौँ । नसम्झनु पनि किन ? हामीलाई शिक्षा दिलाउने गुरुहरूले हामीलाई नैतिकताको पाठ घोकाएका थिए । त्यसैले त्यो नैतिकतामा किञ्चित् हामी तल-माथि हुन्नथ्यौँ, अडिग थियौँ । त्यो किन पनि भने हामी हाम्रा गुरूहरू एकनास सबैलाई महान् नैतिकवान् सम्झन्थ्यौँ । म सम्झन्छु गुरुहरूको अनुहार मैले धर्ती टेकेदेखि नै देखिआएका तीलविक्रम रोकासर, पुष्पलाल (हरिकाजी)सर, चिनी गुरुमा र अलिक पछिदेखि देखिएका मेघराजसर, ध्रुव घिसिङसर, ध्रुव योञ्जनसर, पुष्पा गुरुमा । स्मृति-पटमा अझै पनि उत्तिकै ताजा छन् ती अनुहारहरू । धर्मानन्दसरसँग त यदाकदा भेट भइरहन्छ छ । गजबकै हुँदो रहेछ बालापनको त्यो छोटो अवधि पनि । आँकलन गर्दा केही वर्षमात्रै भए पनि सम्झँदै गर्दा जुगौँ जुगजस्तो ! बरू पछिको युवावस्थाको कतिपय समयलाई समयकै प्रवाहले बिर्साउँदै लगिसकेको छ, तर त्यो बालापनले अझै उत्तिकै पछ्याइरहेकै छ । त्यसमाथि, जब-जब दशैँ भनेर बजारमा होहल्ला बढ्न थाल्छ तब नोस्टाल्जिक बन्छ मन-मस्तिष्क, एउटा अनौठो नशा लागेजस्तो ! ***-इ हिमालय जटाइम्स***

किताबका कुरा — रमा सुवेदी

## मलाई लेखक बनाउने बीपी हुन् : सुबिन भट्टराई

नेपाली साहित्यका चर्चित युवा उपन्यासकार तथा आख्यानकार हुन् सुबिन भट्टराई । ‘कथाकी पात्र’ कथा संग्रहमार्फत लेखन क्षेत्रमा उदाएका भट्टराई युवा पुस्तामाझ लोकप्रिय छन् । उनका हालसम्म ‘समर लभ’, ‘साया’ र ‘मनसुन’, ‘प्रिय सुफी’, ‘इजोरिया’ र ‘चमेली फूल बैजनी रुमाल’ गरी सात कृति प्रकाशित भइसकेका छन् ।

रातोपाटीको ‘किताबका कुरा’ शृंखलाका लागि रमा सुवेदीले उनै भट्टराईसँग गरेको कुराकानी ।

**-साहित्यकारको लेखनी दुनियाँबारे केही जानौँ न, खासमा त्यो कस्तो हुन्छ ?**

सुरुमा एउटा सानो झिल्को मनमा बल्छ । यो विषयमा लेख्न पाए हुन्थ्यो जस्तो लाग्छ । जहाँ सुकै, जस्तो अवस्थामा पनि त्यसलाई टिपेर मस्तिष्कमा खेलाउन थालिन्छ । कतिपय झिल्काहरू त केही घण्टा वा दिनमै ह्वार्रर बलेर सकिन्छन् । तर जुन झिल्काहरू निभ्न मान्दैनन्, ती शब्द बनेर ओकलिन्छन् । त्यहाँबाट लेखनी सुरु हुन्छ ।पहिले एउटा डाफ्ट बन्छ ।

उपन्यास नै हो भने पनि पहिला एउटा ढाँचा बनाउनु पर्‍यो । सुरुवात कहाँबाट गर्ने ? अन्त्य कहाँ गर्ने ? क-कस्ता पात्रहरूलाई के बोल्न लगाउने ? अनि कसरी भन्ने ? यो सबैको रूपरेखा तयार पारिन्छ । बिस्तारै लेख्दै जाँदा कतिपय नयाँ पात्र, घटना र सहयोगी कथानक विकसित हुँदै जान्छन् ।

यसैक्रममा कतिपय हराउँदै पनि जान्छन् ।जेनतेन पहिलो डाफ्ट बन्छ । म चाहिँ पहिलो डाफ्टलाई बारम्बार पुनर्लेखन गर्छु । पुनर्लेखन १० देखि १५ पटक पनि हुनसक्छ ।आफैलाई चित्त बुझ्दैन भने अरूले कसरी बुझाउन ? यस दृष्टि विन्दुबाट हेर्दा साहित्य कर्म अप्ठ्यारो छ । भाषामा खेल्ने ठाउँ जहिले पनि रहन्छ ।यसरी फाइनल डाफ्टमा पुगिन्छ ।आफूलाई चित्त बुझेपछि नजिकका साथीहरूलाई पढ्न दिन्छु । उनीहरूको सल्लाह ठिक लाग्यो भने त्यसमा थप काम गर्ने, होइन भने अघि बढ्ने ।

**-तपाईंका लागि लेखन सजिलो कर्म हो वा अप्ठेरो ?**

अध्ययन, अनुभव र दैनन्दिनको प्रयत्नले गर्दा तुलनात्मक रूपमा मेरा लागि यो सजिलो छ । तर पाठक विशिष्ट खाले लेखनीको पर्खाइमा हुन्छन् । यति मात्रै होइन, आफ्नै भित्रको पाठक पनि दिनहुँ विकसित हुँदै गइरहेको हुन्छ ।आफू भित्रको पाठकलाई चित्त बुझाउन झनै गाह्रो छ ।त्यसैले जे पायो त्यही लेखेर हुँदैन । आफैलाई चित्त बुझ्दैन भने अरूले कसरी बुझाउन ? यस दृष्टि विन्दुबाट हेर्दा साहित्य कर्म अप्ठ्यारो छ । कसैले एउटा विषय दिएर भोलिसम्म लेखेर देऊ है भन्यो भने आजै लेखेर दिन सक्छु । तर पत्रिकाका लागि लेख्न मलाई कम्तीमा एक महिना चाहिन्छ । अहिलेका पाठक सचेत छन् । सतर्क छन् । कुनै कुरामा शंका लागेमा तत्काल खोजेर त्यसबारे हेर्न सक्छन् । त्यसैले उनीहरूको अपेक्षा पनि बढ्दैछ । म तनावमा लेख्न सक्दिनँ । कहिले-कसो आठ-नौ महिनासम्म हल्लेरै बिताइरहेको हुन्छु ।

प्रत्येक कथा वा कृति पहिलेको भन्दा राम्रो बनाउनु पर्ने दबाब हुन्छ । लेखन कर्म आफैमा सजिलो छँदै छैन । पहिले विषय खोज्नु पर्‍यो, कथा र पात्रलाई न्याय गर्न सक्नु पर्‍यो । आफ्नो सान्दर्भिकता जोगाउन निरन्तर पढिराख्नु पर्‍यो । अप्ठ्यारो भनौँ त्यतिसारो अप्ठ्यारो पनि छैन । झन् यो त मेरो फूल टाइम जब भयो । मैले लेखिन भने मेरो त घरमा चुलो बल्दैन ।ठ्याक्कै भन्दा सजिलो र गाह्रो दुइटैको बिचतिर कतैबाट बग्छ होला यो ।

**-लेखक/साहित्यकारहरूबारे बजारमा अनेकौँ मिथ उडी रहेका हुन्छन् ।साहित्यकार भन्ने बित्तिकै काँधमा झोला वा हातमा चुरोटको छवि बन्न पुग्छ । साहित्यकारबारे बुनिने मिथकबारे तपाईंलाई के लाग्छ ?**

आफ्नै बारे भन्नु पर्दा म अलिक ‘बोरिङ’ खालको मान्छे छु । मेरो त्यस्तो कुनै किस्सा, काण्ड छैनन् ।म चुरोट खान्न । मदिरा बिरलै पिउँछु ।स्वास्थ्यप्रतिको सतर्कताले गर्दा मदिरा पिउँदा पनि अति कम पिउँछु । लेख्ने बेला आफूलाई सारै मन परेका केही किताबहरू नजिकै राख्छु । अड्किएँ, अप्ठ्यारो पर्‍यो वा गाँठो फुकाउनु पर्‍यो भने ती किताबहरू पल्टाउँछु । १०/१५ पन्ना पढेपछि गाडीमा तेल हाले जस्तै स्वत: ऊर्जा आउँछ । कतिपयले साहित्यको नाममा सिधासपाट शब्दहरूको चाङ लगाइरहेका हुन्छन् । मलाई भने त्यस्तो मन पर्दैन । केही न केही त गर्नैपर्छ ।केही भएन भने राम्रो सिनेमा हेर्ने गर्छु ।किताबका पन्ना पल्टाउनु, लेख्नु र सिनेमा हेर्नु मेरो जम्मा यही तीनवटा काम छ ।सक्दो सृजनशील हुने प्रयत्न गरी राख्नु पर्छ । समग्रमा मेरो जीवन औसत र बोरिङ छ भन्दा हुन्छ । यहाँ कुनै मिथ छैनन् ।

**-साहित्यलाई पनि आमरुपमा हल्का वा गरुङ्गो भनी मूल्यांकन गर्ने गरिन्छ, तपाई आफैले आफैलाई त्यस कसीमा राखी हेर्दा कस्तोमा पाउनु हुन्छ ?**

साहित्यमा साहित्यिक लय हुनैपर्छ । कतिपयले साहित्यको नाममा सिधासपाट शब्दहरूको चाङ लगाइरहेका हुन्छन् । मलाई भने त्यस्तो मन पर्दैन । त्यस्ता लेखनलाई म हलुङ्गो भन्छु ।त्यस्तोमा लय र दम दुवै पाउँदिन म ।कुनै पनि लेखनले त्यसको सामान्य मानकलाई पनि भेट्न सक्दैन भने त्यसलाई साहित्य कसरी मान्नु ? त्यो त समाचार भइहाल्यो नि । लेख्नलाई प्रेरित गर्ने कुरा धेरै छन् । साथी-संगति, भेटघाट, हिँयुल आदिका क्रममा अनेक दृश्य देखिन्छन् । फरक आँखाले फरक-फरक कुरा पहिल्याउँछ । भर्खरैको जेनजी आन्दोलन हेरौँ न ।पहिलो र दोस्रो दिन के भयो ? सबैले देखेका छन्, पढेका छन् र त्यसबारे जानकार छन् । तर त्यो भिडको मनोविज्ञान के हो ? राम्रो गर्न खोज्दा-खोज्दै राष्ट्रिय सम्पत्ति कसरी ध्वस्त पारियो ? लुटपाट गर्न कुन मनोविज्ञानले उक्सायो मानिसलाई ? घटनाक्रम कसरी अगाडि बढ्यो ? आम मानिसमा त्रासको मनोविज्ञान कस्तो थियो ? लगायतका विषय समाचारमा आउन सकिरहेका हुँदैनन् ।लेखकले त्यसमाथि प्रकाश पार्ने हो ।

**तपाईंमा पुस्तकप्रतिको आकर्षण कसरी सुरु भयो ?**

पुस्तकप्रतिको आकर्षण मेरो कथाप्रतिको आकर्षणबाट सुरु भयो ।बाल्यकालमा स्वर्गका कथा सुनियो, राक्षस र देवता लडेका कथा सुनियो । महाभारतको कथा सुनियो, पछि त्यही टेलिभिजनमा हेरियो । हाम्रो पुस्ता महेन्द्रमाला पढेर हुर्किएको पुस्ता हो ।बालकृष्ण समदेखि लक्ष्मीप्रसाद देवकोटा, भूपी शेरचन, गोपालप्रसाद रिमाल, रमेश विकल, बीपी कोइराला जस्ता धुरन्धर व्यक्तित्वहरूको रचना पढ्न पाइन्थ्यो । यी सबैलाई पढ्दा आफूले पनि लेख्न पाए हुन्थ्यो जस्तो लाग्थ्यो । अन्तिम पटक पढेको किताब डाक्टर नवराज केसीको ‘स्वस्पर्श’ हो । निकै राम्रो लाग्यो पुस्तक । तर, त्यति बेला जति नै पढेँ भने पनि पढ्नका लागि मात्रै पढियो ।अहिले आएर पढ्दा ‘ए यो यस्तो रहेछ’ भन्ने हुन्छ । शब्दहरूलाई यसरी खेलाइने रहेछ भन्ने लाग्छ ।

त्यसैले म बीपी कोइरालाका कृतिलाई हरेक एक-दुई वर्षमा दोहर्‍याएर पढ्ने गर्छु । मलाई लेखक बनाउने बीपी हुन् । अहिले पनि ‘हिट्लर र यहुदी’, ‘सुम्निमा’ तथा ‘तीन घुम्ती’ पढ्दा नयाँ-नयाँ आयाम भेटिरहेको हुन्छु । आमा राम्रो छन्द कविता लेख्नुहुन्थ्यो । उहाँलाई महाभारत, पुराण र उपनिषद्का कथाहरू कण्ठस्थ थिए ।श्लोक हालेर सुनाउने उहाँको बानीले मेरो बाल्यकालमै प्रभाव पारेको थियो । शायद यिनैले मलाई पुस्तकतर्फ डोर्‍याएको हुनुपर्छ ।

**पछिल्लो समय कुन पुस्तक पढ्दै हुनुहुन्छ ? त्यसबारे केही कुरा भन्नुस् न ।**

जेनजी आन्दोलनपछि खासै किताब पढेको छैन । अन्तिम पटक पढेको किताब डाक्टर नवराज केसीको ‘स्वस्पर्श’ हो । निकै राम्रो लाग्यो पुस्तक । आख्यान होइन तर कथाहरू हालेर रोचक बनाइएको रहेछ । दैनिक जीवनमा भेटिएका बिरामी, उनीहरूको परिवारको कथा छ त्यसमा । अर्को पुस्तक तारानाथ शर्माको ‘बेलायततिर बरालिँदा’ हो । पहिला पढ्न छुटेको रहेछ ।त्यो पुस्तक पनि राम्रो लाग्यो मलाई ।

**तपाईंलाई प्रभावित पारेका पाँचवटा विदेशी पुस्तकको नाम लिनु पर्दा क(कसको नाम लिनु हुन्छ ?** स्योदोर दोस्तोयेभ्स्कीको ‘क्राइम एन्ड पनि समेन्ट’ सबै भन्दा माथि आउने नाम हो । त्यसपछि क्रमश: सिल्विया प्लाथको ‘द बेल जार’, हान्या यानागिहाराको ‘अ लिटिल लाइफ’, जर्ज अर्वेलको ‘एनिमल फार्म’ तथा मुराकामीको ‘काका अन द शोर’ हो । यतिका वर्षपछि पनि यी कृतिहरू आज प्रयन्त: सान्दर्भिक छन् ।

**- मन परेका पाँच नेपाली पुस्तक ?**

यो भने गाह्रो प्रश्न सोध्नु भयो । नेपालका यति राम्रा लेखकहरूबाट पाँच ओटा कसरी छान्नु ? तथापि, पहिलो नम्बरमा धच गोतामेको ‘घामका पाइलाहरू’नै हो । त्यो किताब जस्तो राम्रो मलाई अरू कुनै लाग्दैन । त्यसपछि बीपीका सबै किताब मन पर्छन् । तर, बीपीको ‘हिट्लर र यहुदी’ तथा ‘सुम्निमा’ मास्टरपिस लाग्छ । त्यसपछि स्वचन्द्र गौतमको ‘अलिखित’, भवानी भिक्षुको ‘आगत’ अनि विजय मल्लको ‘अनुराधा’ हो ।

***-रातोपाटी डटकम***

# पाल्पा प्यारागनमा सांस्कृतिक तथा खाना महोत्सव

**पाल्पा,** कार्तिक २८/ जिल्लाको तानसेनमा सञ्चालित पाल्पा प्यारागन इङ्लिश बोर्डिङ स्कूलले सांस्कृतिक तथा खाना महोत्सव आयोजना गरेको छ । स्कूलल अतिरिक्त क्रियाकलाप अन्तर्गत विद्यार्थीहरूलाई नेपाली कला-संस्कृति, उद्यमशीलता र व्यवहारिक ज्ञान प्रदान गर्ने उद्देश्यले महोत्सव आयोजना गरेको हो ।



महोत्सवमा कक्षा ४ भन्दा माथिका विद्यार्थीहरूले विभिन्न समूह बनाएर पाँचवटा खानाका स्टल राखेका थिए । जहाँ १० भन्दा बढी परिकार प्रदर्शन तथा बिक्री गरिएको थियो । विद्यार्थी आफैंले रकम संकलन गरी आवश्यक कच्चा पदार्थ खरिद गरेर विभिन्न परिकार तयार पारेका थिए । उनीहरु आफैले मूल्य निर्धारण गरी स्टलमार्फत खानाका परिकारहरु बिक्री गरे । विद्यार्थीहरुले राखेका स्टलहरुको अभिभावक, शिक्षक तथा विद्यार्थीहरूले उत्साहजनक रुपमा अवलोकन गर्नुको साथै खानाका परिकारहरुको स्वाद लिएका थिए । महोत्सवबाट विद्यार्थीहरूले लगानी, उत्पादन, मूल्य निर्धारण र बजार व्यवस्थापन जस्ता उद्यमशील सीपहरूको व्यवहारिक अनुभव प्राप्त गरेको प्रिन्सिपल गंगाबहादुर खत्रीले विश्वास व्यक्त गरे । उनले भने "यस्ता कार्यक्रमहरूले विद्यार्थीको सिर्जनशीलता, आत्मविश्वास र व्यवहारिक सीप विकासमा महत्वपूर्ण योगदान पुर्‍याउने छ । " विद्यार्थीहरुलाई हरेक हप्ता व्यवहारिक ज्ञान प्रदान गर्दै आएको प्रिन्सिपल खत्रीको भनाई छ । उनले भने "हाम्रो शिक्षा प्रणालीमा प्राप्तांकले विद्यार्थीमा योग्यतताक्रम हासिल भए पनि विशेष सीप नहुने हुँदा समस्या भएको छ ,यस्ता कार्यक्रमले महत्वपूर्ण भूमिका खेल्ने छ । " "पढेर धेरै नम्बर ल्याउनुपर्छ भन्ने मात्रै सोंच छ । अहिलेका समालोचनात्मक चिन्तन, आत्मबोध, आत्ममूल्याङ्कन जस्ता सीप नै छैन । यस्ता सीप विद्यार्थीहरुका लागि आवश्यक छ "खत्रीले भने । विद्यार्थी गुणीयचक्र एउटा प्रक्रिया भएको र उनीहरुमा अन्तर्निहित रहेका प्रतिभाको प्रस्फुटन गर्न यस्ता कार्यक्रमले उपयोगी भूमिका निर्वाह गर्ने उनले विश्वास व्यक्त गरे ।

## मिसन अस्पतालमा...

कार्यक्रममा अस्पताल सल्लाहकार समितिका अध्यक्ष तथा जिल्ला समन्वय समितिका प्रमुख टंकनाथ खनाल,स्वास्थ्य कार्यालयका निमित्त प्रमुख, टुक प्रसाद पोखेल, रैनादेवी छहरा गाउँपालिकाका अध्यक्ष रुक्मागत भट्टराई, नेपाल पत्रकार महासंघका अध्यक्ष कमलराज तिमिल्सेना लगायतले अस्पतालले ढिलै भए पनि सेवा सञ्चालन गरेकोमा खुसी व्यक्त गर्दै सेवा सफलताको शुभकामना व्यक्त गरे । २४ सै घण्टा सेवा उपलब्ध हुनेगरी सिटिस्क्यान सेवा सुचारु गरिएको अस्पतालका निर्देशक रचेल कारखले बताईन् । सिटी स्क्यान सेवा थप भएसँगै अस्पतालका सेवाग्राहीले उच्च गुणस्तरीय सेवा प्राप्त गर्न सक्नेमा विश्वस्त रहेको अस्पतालका प्रशासकीय अधिकृत जीवन भट्टराईले बताए । वि.सं. २०११ सालमा स्थापना भएको अस्पतालले विशेषज्ञ सेवा प्रदान गर्दै आएको छ । हाल अस्पतालमा २० जना विशेषज्ञ चिकित्सिक कार्यरत रहेको भट्टराईले जानकारी दिए । अस्पतालले मुटु सम्बन्धी विशेषज्ञ सेवा, मातृशिसु सेवा लगायत अन्य नियमित सेवालाई विस्तार गरेको छ । अस्पतालले गत साउनमा प्रसुती सेवा (सुत्केरी सेवा) तर्फ समेत सेवा विस्तार गरेको थियो । १६ बेड क्षमताको प्रसुती सेवा सञ्चालन गर्दै आएको अस्पतालले २० बेड र क्याविन समेतको सेवा विस्तार गरेको जनाएको छ ।

### खेलकुद समाचार

## जिमी नीशमले एनपीएल खेल्ने



**काठमाडौं,** कार्तिक २८/युजिल्याण्डका अलराउण्डर जिम्मी निसम नेपाल प्रिमियर लिग (एनपीएल) २०२५ पोखरा एभेन्जर्सबाट खेल्ने भएका छन् ।पोखरा एभेन्जर्सले यही मंसिर १ गतेदेखि सुरु हुने एनपीएलको दोस्रो सिजनको लागि निसमलाई अनुबन्ध गरेको जनाएको छ । पोखराले शुक्रबार बिहानै चौथो विदेशी खेलाडीको रुपमा निसमलाई अनुबन्ध गरेको घोषणा गरेको हो ।

पहिलो सिजनमा च्याम्पियन बनेको जनकपुर बोल्ट्सबाट खेलेका निशमले दोस्रो सिजन अर्को फ्रेन्चाइजबाट खेल्ने भएका हुन् ।उनले जनकपुर बोल्ट्सलाई पहिलो सिजनको उपाधि दिलाउन ब्याट र बल दुवैमा अलराउण्ड प्रदर्शन गरेका थिए ।३५ वर्षीय अलराउण्डर निसम टेष्ट राष्टूबाट अनुबन्ध हुने ठूला नाममध्येमा पर्छन् । यस्तै एनपीएल २०२५ का लागि अनुबन्ध हुने उनी न्युजिल्याण्डका तेस्रो खेलाडी हुन् । यसअघि विराटनगर किंग्सले मार्टिन गप्टिल र सुदूरपश्चिम रोएल्सले स्कट कुगेलेइनलाई अनुबन्ध गरिसकेको छ । तीनै खेलाडी लगातार दोस्रो सिजन एनपीएल खेल्न आउँदैछन् । त्यसमा गप्टिल र कुगेलेइन पहिलो सिजनकै क्लबमा निरन्तरता पाउदा निशम फरक टिममा पुगेका हुन् ।केही दिनअघि निशमले एक भिडियो सार्वजनिक गर्दै आफूले यस सिजन जनकपुर बोल्ट्सबाट खेल्न नपाउने बताएका थिए ।

### अर्थ/कर्पोरेट समाचार

## चन्द्रागिरिमा स्वयंसेविकाको भत्ता र खाजा खर्च तीन हजार ५ सय

काठमाडौं, कात्तिक २८/ चन्द्रागिरि नगरपालिकाले महिला स्वास्थ्य स्वयंसेविकाको खाजा खर्च र भत्ता रु तीन हजार ५०० पुर्‍याएको छ। 'पब्लिक सर्भिस इन्टरनेसनल' नेपाल शाखाले राजधानीमा आयोजना गरेको 'महिला सामुदायिक स्वास्थ्यकर्मीका सवाल' विषयक छलफल कार्यक्रमलाई सम्बोधन गर्दै नगर प्रमुख घनश्याम गिरीले २०७४ सालमा आफू पहिलोपटक नगर प्रमुख निर्वाचित भएर आउँदा महिला स्वास्थ्य स्वयंसेविकाको खाजा खर्च र भत्ता गरी रु २०० मात्र रहेको स्मरण गराए। आफू नेतृत्वको जनप्रतिनिधिको समूहले समाजमा गरेको योगदान हेरी बढाएर रु तीन हजार ५०० पुर्‍याएको उनले जानकारी दिए ।

नगरपालिकामा महिला स्वास्थ्य स्वयंसेविकालाई स्वास्थ्यसम्बन्धी चेतना जगाउनाका साथै फोहर वर्गीकरण गराउने तरिका सिकाउन पनि घरघरमा परिचालन गर्दा उपलब्धि हासिल भएको पनि नगर प्रमुख गिरीले सुनाए । नगरपालिकामा जनस्वास्थ्य चेतना जगाउन महिला स्वास्थ्य स्वयंसेविकाले महत्वपूर्ण योगदान गरेको जानकारी पनि कार्यक्रममा उनले गराएका थिए । स्वास्थ्य सेवा विभागका पूर्वमहानिर्देशक दीपेन्द्ररमण सिंहले घरघरमा स्वास्थ्य साक्षरता लैजान महिला स्वास्थ्य स्वयंसेविकाले महत्वपूर्ण योगदान दिएको उल्लेख गर्दै सुविधा दिन पनि कन्जुस्याइँ गर्न नहुने बताए । नेपालमा हाल वार्षिक रु ६० अर्बको धूमपानको व्यापार हुने गरेको बताउँदै त्यसमा पालिकाले थोरै स्थानीय कर लगाएर महिला स्वास्थ्य स्वयंसेविकालाई सरकारले तोकेको न्यूनतम पारिश्रमिक दिन सकिने स्रोतको व्यवस्था हुने उनले बताए ।

काठमाडौं महानगरपालिका शिक्षा एवं स्वास्थ्य समितिको संयोजकसमेत रहनुभएका वडा नं २२ का अध्यक्ष चिनीकाजी महर्जनले बत्ती एवं ढलका लागि मात्र महानगरवासीले महानगरपालिकालाई खोज्ने गरेकामा महिला स्वास्थ्य स्वयंसेविकाले खेलेको भूमिकाका कारण अहिले बिरामी पर्दा पनि खोज्ने वातावरण बनेको अनुभव सुनाए। महानगरका महिला स्वास्थ्य स्वयंसेविकालाई नि:शुल्क बीमाको व्यवस्था गराउन महानगरको परिषद् बैठकमा आफूले पहल गर्ने प्रतिबद्धता पनि उनले जनाए ।

कार्यक्रममा नेपाल स्वास्थ्य स्वयंसेवक सै (हेवन) का अध्यक्ष वसन्ती महर्जन, नेपाल महिला स्वास्थ्य स्वयंसेविका सै (नेवा) का अध्यक्ष गीता थिङ, आयोजक पिएसआई नेपाल शाखाका अध्यक्ष उत्तम कटुवाललगायतले महिला स्वास्थ्य स्वयंसेविकाले भोग्नुपरेका समस्या र आगामी दिनमा गरिनुपर्ने कामका बारेमा सरोकार भएका निकायका पदाधिकारीसमक्ष माग राखेका थिए।-(*रासस)*


कैलाशनगर मिडिया प्रा.लि., तानसेन, पाल्पा

**विज्ञापन दररेट परिवर्तन भएको सूचना**

बढ्दो महङ्गी, कागज मसी तथा छपाई सामग्रीको मुल्यवृद्धिका कारण **कैलाशनगर मिडिया प्रा.लि.**द्वारा प्रकाशित **नवजनचेतना दैनिक**ले २०८२ श्रावण १ गतेदेखि लागु हुने गरी यस अघि कायम गरेको दररेटमा निम्नानुसार परिवर्तन गर्ने निर्णय भएकोले सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

विज्ञापन दररेट

साधारण तर्फ

| विवरण | साईज | स्यामश्वेत पत्रिका दररेट |
|---|---|---|
| प्रथम पृष्ठ | प्रति सि.सि. | रु. ४००/- |
| भित्रि पृष्ठ | प्रति सि.सि. | रु. ३००/- |
| अन्तिम पृष्ठ | प्रति सि.सि. | रु. ५००/ |

सरकारी तर्फ

| विवरण | साईज | स्यामश्वेत पत्रिका दररेट |
|---|---|---|
| प्रथम पृष्ठ | प्रति सि.सि. | रु.५५०/- |
| भित्रि पृष्ठ | प्रति सि.सि. | रु. ४५०/- |
| अन्तिम पृष्ठ | प्रति सि.सि. | रु. ७००/- |

डिस्प्ले

| डिस्प्ले | स्यामश्वेत पत्रिका दररेट |
|---|---|
| प्रति बक्स | रु. २००/- (१x५ सि.सि.) |
| राहदानी | रु. ८००/- |

अन्य

| ठूलो डिस्प्ले | स्यामश्वेत पत्रिका दररेट |
|---|---|
| प्रति बक्स | रु. १५००/- (२x१० सि.सि.) |
| प्वाइन्टर | रु. १०००/- |

नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक
कैलाशनगर मिडिया प्रा.लि.
ता.न.पा.-५, कैलाशनगर पाल्पा, सम्पर्क नं. ०७५-५२०६०१

वर्गिकृत डिस्प्ले
१X५ साइजमा मात्र
वर्गिकृत डस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।
सम्पर्कः ०७५-५२०६०१

मनको आवाज............
'नाम पनि यूनिक, काम पनि यूनिक'
यूनिक एफ.एम. ९४.२ मेगाहर्ज
विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१८६४, ५२१८६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।


जनचेतना दैनिकको आधिकारीक वेबसाईट
शितलपाटी .कम
www.shittalpati.com
डिजिटल पत्रिका



कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई